**बैठक नं. ५५**

आज मिति २०७६/११/२३ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउँसो १:३० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | — |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | — |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | — |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

६

**प्रस्ताव नं.५५.१**

फोहर व्यवस्थापन तथा नियमनमा टोल विकास संस्था परिचालन सम्बन्धी कार्यविधि,२०७६ सम्बन्धमा ।

**निर्णय नं.५५.१**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र उत्पादन हुने फोहरको व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्धेश्यले बुटवल उपमहानगरपालिकाको आर्थिक ऐन,२०७६ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी फोहर व्यवस्थापन तथा नियमनका लागि तयार भएको टोल विकास संस्था परिचालन सम्वन्धी कार्यविधि,२०७६ पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५५.२**

वास योजना तर्जुमा सम्बन्धमा ।

**निर्णय नं.५५.२**

बुटवल उप-महानगरपालिका क्षेत्रभित्र आधारभूत स्तरको खानेपानी सरसफाई तथा स्वच्छता (वास) योजना निर्माण गर्ने सन्दर्भमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

क.बुटवल उप-महानगरपालिका भित्र आधारभूत स्तरको खानेपानी सरसफाई तथा स्वच्छता (वास) सेंवा उपलव्ध गराउने उद्देश्यअनुरुप खानेपानी सरसफाई तथा स्वच्छता (वास) योजना तयार गर्ने र सोका लागि आवश्यक वजेट तथा जनशक्तिको व्यवस्थापन मिलाउन आगामी बैठकमा प्रस्ताव पेश गर्न कार्यालयलाई निर्देशन गर्ने ।

ख. प्रदेश सरकार,भौतिक पूर्वाधार विकास मन्त्रालय,प्रदेश नं ५द्वारा स्वीकृत खानेपानी सरसफाई तथा स्वच्छता (वास) कार्यविधि २०७६ को दफा ५.१ ले गरेको व्यवस्था अनुसार देहाय बमोजिमको बुटवल उपमहानगरपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता (वास) समिति गठन गर्ने ।

१. प्रमुख -अध्यक्ष

२. उपप्रमुख - सदस्य

३.प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४. सबै वडाका वडा अध्यक्ष -सदस्य

५.उपमहानगरपालिका क्षेत्रभित्रका सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि - सदस्य

६.खानेपानी उपभोक्ता समितिमध्येवाट समितिले मनोनयन गरेको एक जना -सदस्य

७ स्वास्थ्य र सरसफाई फोहरमैलाको व्यवस्थापनको क्षेत्रमा काम गर्ने गै.स.स मध्येवाट समितिले मनोनयन गरेको एक जना महिला सहित २ जना - सदस्य

८. वाससंग सम्वन्धित महाशाखा प्रमुखहरु - सदस्य

९.प्रमुख वास इकाई/वास फोकल पर्सन/ सरसफाई शाखा प्रमुख- सदस्य सचिव

( समितिले आवश्यकता अनुसार बुटवल उपमहानगर क्षेत्रभित्र काम गर्ने वाससंग सम्वन्धित अन्य सरोकारवालाहरुलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।)

ग. बुटवल उप-महानगरपालिकाको वास योजना निर्माणका लागि देहाए अनुसारको वास योजना कार्यदल गठन गर्ने ।

१.वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक - संयोजक

२.वातावरण तथा अनुगमन महाशाखा प्रमुख सदस्य -१

३.खा.पा.तथा स.स. उ.स.का अध्यक्ष मध्येवाट संयोजकले तोकेको सदस्य-१

४.सरसफाई शाखा प्रमुख -सदस्य सचिव

**प्रस्ताव नं. ५५.३**

व्यावसायिक प्राङ्गारिक तरकारी खेती प्रवर्द्धनका लागि हरित घर निर्माण गर्न नपुग रकम थप सम्बन्धमा ।

**निर्णय नं.५५.३**

व्यावसायिक प्राङ्गारिक तरकारी उत्पादनका लागि निवेदक ५० कृषकहरु लाई ५० थान हरित घर (६६/३४) प्रतिशत लागत सहभागितामा निर्माण गर्न र निज कृषकहरुलाई तालिम समेतका लागि लाग्ने कूल अनुमानित लागत रु.३६,०५,६४८।५० रहेकोमा विनियोजित शीर्षकमा रु.६,१३,८००। मात्र बांकी भएको हुंदा नपुग हुने रकम रु.१८,६५,९२८।चालु भैपरी.शीर्षकबाट व्यवस्थापन गरी हरित घर निर्माण कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५५.४**

जि.स.स.बाट प्राप्त रु.७५ लाखको योजना छनौटमा संशोधन सम्बन्धमा ।

**निर्णय नं.५५.४.**

मिति २०७६।१०।१९ गतेको बैठक निर्णय नं. ५४.११.३ मा संशोधनगरी कार्यविधि अनुसार उक्त रकम वडा कार्यालय भवन निर्माण वडा नं.११ को लागि रु.४० लाख र वडा नं. १३ को लागि रु.३५ लाख जि.स.स.रुपन्देहीमा माग गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५५.५**

आगामी आ.व.का लागि तराई मधेस समृद्धि कार्यक्रमको योजना छनौट सम्बन्धमा ।

**निर्णय नं.५५.५**

तराई मधेस समृद्धि कार्यक्रम संचालन कार्यविधि,२०७५ ले तोके बमोजिम यस उप-महानगरपालिकाबाट १० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता सहितको देहाय बमोजिमको योजना आगामी आ.व.२०७७/०७८ का लागि माग गरी पठाउने निर्णय गरियो ।

१. प्रगति मा.वि.को भवन निर्माण वडा नं. ११

**प्रस्ताव नं. ५५.६**

योजनाको म्याद थप अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. ५५.६**

देहाय बमोजिमका योजनाहरुको म्याद थप सम्बन्धी मिति २०७६/११/०७ को निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

(क) उजिरसिंह मा.वि. भवन तथा स्थानीय उत्पादन विक्री केन्द्र भवन निर्माण(B –BLOCK) वडा नं. २

(ख) वडा नं. ९ र ११ लुम्बिनी वाणिज्य क्याम्पस जाने सडक १६/३६ कूलो माथि पुल निर्माण ।

**प्रस्ताव नं. ५५.७**

जितगढी किल्लाको लागि जग्गा अधिग्रहण (प्राप्ति) सम्बन्धमा ।

**निर्णय नं. ५५.७**

बुटवल उपमहानगरपालिका वडा नं.१ स्थित जितगढी किल्लाको समग्र विकासका लागि पुरातत्व विभाग लगायतका राज्यका अन्य जिम्मेवार निकायहरु समेत लागि परेका छन् । जितगढीको पश्चिम र उत्तर भाग लाई छोप्नेगरी बनाईएका घरहरु हटाउनु पर्ने, उक्त क्षेत्रमा बनाईएका सरकारी र मठमन्दिरहरु अन्य स्थानमा स्थानान्तरण गर्ने र दिर्घकालिन रुपमा संभावनाको अध्ययन गरी नदीबाट गढीलाई हुन सक्ने खतरा समेतलाई मध्यनजर राखि तिनाउ नदीको वहावलाई डाईभर्ट गर्ने वा सुरक्षा पर्खाल लगाई समग्र जितगढी क्षेत्रको सुरक्षा गर्न आवश्यक देखिएको हुदां उल्लेखित बिषयबस्तुहरुलाई मध्येनजर गर्दै तयार भएको उक्त क्षेत्रको गुरुयोजना तथा वडा कार्यालय वडा नं.१ को सिफारिस समेतलाई दृष्टिगत गर्दै प्राविधिक रुपमा सम्भाव्यता एवं प्राविधिक प्रतिवेदन समेतका आधारमा सो क्षेत्रमा भएका संरचनाहरुको हकमा प्रचलित कानुन बमोजिम यथोचित मुआव्जा दिई व्यवस्थापन गर्ने गरी उक्त ऐतिहासिक क्षेत्र वरिपरिको भागलाई खाली गरी जितगढीको समग्र विकास प्रकिया अगाडि बढाउन गुरुयोजना बमोजिम देहायको सुची बमोजिमका घर वा घरजग्गा खालि गर्न अधिग्रहण प्रकिया अगाडि बढाउन नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

# जीतगढी किल्ला आसपासका अधिग्रहण गर्नुपर्ने घर जग्गाको विवरण

आ. व. २०७६/७७

स्थान: बुटवल उपमहानगरपालिका -१ रुपन्देही

मिति:२०७६/०८/१३

| क्र.स. | घर-जग्गा धनिको नाम | जग्गाको विवरण | | पक्कि घरको क्षेत्रफल (व=मि=) | | | | | जस्ताको टहराको क्षेत्रफल् | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कित्ता नं | क्षेत्रफल -व=मि=) | भुई तल्ला | पहिलो तल्ला | दोस्रो तल्ला | तेस्रो तल्ला | जम्मा क्षेत्रफल ( व=मि=) | | |
| सरकारी र सार्वजनिक जग्गाको बिबरण | | | | | | | | | | |
| १ | उजिर सिंह पार्क | ५ | १,९६०।३० | | | | | | | |
| २ | जीत गढी किल्ला | ६ | ४२०।०० | | | | | | | |
| ३ | श्री नन्दकरेश्वोर शिवालय मन्दिर | ७ | २,४५०।०० | | | | | | | |
| ४ | शिव र हनुमान मन्दिर | ८ | ४,३६९।६० | | | | | | | |
| ५ | बुटवल उपमहानगरपालिका | ४० | ६८४।१० | | | | | | | |
| | | जम्मा | ९,८८४।०० | | | | | | | |
| व्यकिगत जग्गाको बिबरण | | | | | | | | | | |
| १ | हरिहर नेपाल | ६७ | ९३।६० | १०३.२८१ | | | | १०३.२८१ | | |
| २ | हरिहर नेपाल | ६७ | | | | | | | १०३.२८१ | |
| ३ | चन्द्रकान्त नेपाल | ६८ | ४७।२२ | ४७.२२३ | ४७.२२३ | ४७.२२३ | | १४१.६६९ | | |
| ४ | सुर्य बहादुर कार्की | ४४ | ३८८।६८ | १५६.४२५ | १५६.४२५ | | | ३१२.८५० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सुर्य बहादुर कार्की | ४४ | ३८८।६८ | | | | | | २०४.९२२९ | |
| ६ | योगेद्र श्रेष्ठ ठ नारा देवी श्रेष्ठ | ६५ ठ ६६ | ४२०।०९ | ७०.८०० | ७०.८०० | | | १४१.६०० | | |
| ७ | योगेद्र श्रेष्ठ ठ नारा देवी श्रेष्ठ | ६५ ठ ६६ | ४२०।०९ | | | | | | ३२७.४०० | |
| ८ | नसि उल्ला शाह | ३१ | ७३।३७ | | | | | | ७३.३६५ | |
| ९ | | ३२ | ७९।६६ | | | | | | ७३.३१६ | |
| १० | समी उल्ला शाह | ३३ | ५०।०३ | | | | | | ४४.५६३ | |
| ११ | दयाराम थारु | ३४ र ३५ | ७७।५० | | | | | | ३४.९७६ | |
| १२ | ललन शाह | ३६ | ३५।७० | | | | | | ५६.९५२ | |
| १३ | सन्तोष धोबी | ४६ | १९२।७९ | २९.७६४ | | | | २९.७६४ | | |
| १४ | सन्तोष धोबी | ४६ | १९२।७९ | २९.७६४ | | | | २९.७६४ | | |
| १५ | सन्तोष धोबी | ४६ | १९२।७९ | | | | | | २९.७६४ | |
| १६ | | ४७ | ७४।०६ | १९.३०९ | | | | १९.३०९ | | |
| १७ | | ४७ | ७४।०६ | | | | | | १९.३०९ | |
| १८ | मतभावती कानु बानिया | ४८ | ८१।१९ | ७९.३२६ | ७९.३२६ | | | १५८.६५२ | | |
| १९ | राम कृपाल कानु | ४९ | ७५।९९ | ७१.३७५ | ७१.३७५ | | | १४२.७४९ | | |
| २० | | ७७ | ४५।३९ | ३६.२६८ | ३६.२६८ | | | ७२.५३५ | | |
| २१ | | ७८ | ५१।३० | ३७.९०६ | | | | | | |
| २२ | टरुन शाह | ३७ | ८२।०० | ६२.७४४ | | | | ६२.७४४ | | |
| २३ | बसिउल्ला मिया | ३८ | ३५।७० | ५६.४१७ | | | | ३५.७०० | | |
| २४ | सलाउदिन मिया | ३९ | ३७।६२ | ५६.४१७ | | | | | ३७.६२० | |
| २५ | सिता शर्मा | ४१ | २७२।५१ | ३४.५७९ | | | | ३४.५७९ | | |
| २६ | सिता शर्मा | ४१ | २७२।५१ | ३१.७८३ | ३१.७८३ | | | ६३.५६६ | | |
| २७ | सिता शर्मा | ४१ | २७२।५१ | ३१.७८३ | | | | | ३१.७८३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ | सिता शर्मा | ४२ | ३९६।७३ | ३०.८७७ | | | | ३०.८७७ | | |
| २९ | केश बहादुर थामी | ६१ | १२।०० | ३१.८७७ | | | | ३१.८७७ | | |
| ३० | बिष्णु क्षेत्री | ६२ | २३।०० | ३२.८७७ | | | | ३२.८७७ | | |
| | | जम्मा क्षेत्रफल | ४,४५९।५३ | | | | | | | |
| | | | | | | | | | | |
| | जीतगढ़ी किल्लाको दक्षिणी भाग | | | | | | | | | |
| ब्लक १ | | | | | | | | | | |
| क्र. सं. | घरधनीको नाम | कित्ता नं | जग्गाको क्षेत्रफल | | | | | | | |
| १ | जीतेन्द्र अमात्य | ५२ | ६६।८६ | ६०.१७८ | ६०.१७८ | ३०.०८९ | | १५०.४४६ | | नम्बरी |
| २ | | | ६०।१४ | ५४.१२६ | ५४.१२६ | २७.०६३ | | १३५.३१५ | | ऐलानी |
| ३ | नारायण लाकौल | ५३ | ८५।०१ | ८०.७६० | ८०.७६० | | | १६१.५२१ | | नम्बरी |
| ४ | | | ५५।३८ | ५२.६११ | ५२.६११ | | | १०५.२२२ | | ऐलानी |
| ५ | जमुनी श्रेष्ठ | ५४ | ८१।४३ | | | | | | ५७.००३ | नम्बरी |
| ६ | शंकर अग्रहरि | | ५४।९५ | ५२.२०३ | ५२.२०३ | ५२.२०३ | | १५६.६०८ | | ऐलानी |
| ७ | राजेन्द्र अग्रहरि | ५५ | ५४।०४ | ४८.६३३ | ४८.६३३ | ४८.६३३ | | १४५.९०० | | नम्बरी |
| ८ | शंकर अग्रहरि | | १०।४० | | | | | ०.००० | | ऐलानी |
| ९ | कमसुन निशा | ५६ | ८४।०६ | ७२.६९३ | | | | ७२.६९३ | | नम्बरी |
| १० | चाशिन खान | | १०५।८० | | | | | | ६९.४१९ | ऐलानी |
| ११ | राजेन्द्र धोबी | ५७ | ७३।०७ | ३४.७०९ | ३४.७०९ | ३४.७०९ | | १०४.१२८ | ३४.७०९ | नम्बरी |
| १२ | जम्मशेयर | | ७३।०७ | ३४.७०९ | ३४.७०९ | ३४.७०९ | | १०४.१२८ | ३४.७०९ | ऐलानी |
| १३ | साहेब धोबी | ५८ | ४८।५५ | ४५.१२३ | ४५.१२३ | ४५.१२३ | | १३५.३६९ | | नम्बरी |
| १४ | | | २८।९४ | | | | | ०.००० | | ऐलानी |
| १५ | बेचन कानु | ५९ | ४३।३८ | ४१.२१० | ४१.२१० | ४१.२१० | | १२३.६३० | | नम्बरी |
| १६ | | | ६६।८७ | ६३.५२७ | ६३.५२७ | ६३.५२७ | | १९०.५८० | | ऐलानी |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | सायदा खातुन | ६० | ३४।२८ | ३०.८४९ | ३०.८४९ | २७.३०७ | | ८९.००५ | | नम्बरी |
| १८ | मिराज शाह | | ५७८८ | ५२.०९२ | २७.३०७ | २७.३०७ | | १०६.७०६ | | ऐलानी |
| १९ | बुद्धिराम बरुण | | ७।०० | ५.९५० | ५.९५० | | | ११.९०० | | ऐलानी |
| २० | केश बहादुर थामी | ६१ | .७।०० | ५.९५० | ५.९५० | | | ११.९०० | ४.२०० | नम्बरी |
| २१ | | | ६७।५० | ५७.३७५ | ५७.३७५ | | | ११४.७५० | ४०.५०० | ऐलानी |
| २२ | बिष्णु खत्री | ६२ | १२।२५ | | | | | ०.००० | ७.३५० | नम्बरी |
| २३ | | | ५०।०० | | | | | ०.००० | ३०.००० | ऐलानी |
| २४ | सैरुन निसा | ६३ | २३।०० | २१.८५० | २१.८५० | | | ४३.७०० | | नम्बरी |
| २५ | | | १७।३६ | १६.४९२ | १६.४९२ | | | ३२.९८४ | | ऐलानी |
| २६ | राधेश्याम अग्रहरि | ७२ क | ४२।४२ | ३८.१७९ | १९.९८२ | १९.९८२ | | ७८.१४२ | | नम्बरी |
| २७ | घनश्याम अग्रहरि | ७२ ख | ४२।४२ | ३८.१७९ | १९.९८२ | १९.९८२ | | ७८.१४२ | | नम्बरी |
| २८ | घनश्याम कानु | ७४ | ८१।६३ | ७३.४६४ | | | | ७३.४६४ | | नम्बरी |
| २९ | राज कुमारं कानु | | ८१।६३ | ७३.४६४ | | | | ७३.४६४ | | ऐलानी |
| | पुर्जावाला जम्मा | | ८५२।४८ | | | | | | | |
| | ऐलानी जम्मा | | ७२९।९२ | | | | | | | |

## ऐलानी जग्गा / अव्यवस्थित बसोबासको बिबरण

| ब्लक २ | | | |
|---|---|---|---|
| क्र. सं. | घरधनीको नाम | जग्गाको क्षेत्रफल | |
| १ | जितेन्द्र प्रसाद | ६१।८० | १ तल्ले पक्कि घर |
| २ | सुमन खत्री | ६१।८० | २ तल्ले पक्कि घर |
| ३ | शिव शंकरअग्रहरी | ६१।८० | ३.५० तल्ले पक्कि घर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | नसीम राइन | ६१।८० | ३ तल्ले पक्कि घर | | | | | | | |
| ५ | झुगुरी बानिया | ६१।८० | १/२ पक्कि घर, १/२ टहरा | | | | | | | |
| ६ | दिनेश कानु | ६१।८० | तिनको टहरा | | | | | | | |
| ७ | तैयफ हुसेन | ६१।८० | १ तल्ले पक्कि घर | | | | | | | |
| ८ | तुफानी अग्रहरी | ६१।८० | १ तल्ले पक्कि घर | | | | | | | |
| ९ | तुफानी अग्रहरी | ६१।८० | २ तल्ले पक्कि घर | | | | | | | |
| | जम्मा | ५५६।२० | | | | | | | | |

ब्लक ३

| क्र. सं. | घरधनीको नाम | जग्गाको क्षेत्रफल | घरको किसिम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नरेन्द्र बस्नेत | ५०।६० | ४ तल्ले पक्कि घर | | | | | | | |
| २ | रामबृक्ष कानु | ५०।६० | २ तल्ले पक्कि घर | | | | | | | |
| ३ | राजेन्द्र बानिया | ५०।६० | १ तल्ले पक्कि घर | | | | | | | |
| ४ | राजेन्द्र प्रसाद कान्दु | ५०।६० | १ तल्ले पक्कि घर | | | | | | | |
| ५ | सुनिल वरुण | ५०।६० | १ तला पक्कि, १ तला टहरा | | | | | | | |
| ६ | मगरु बरुण धोबी | ५०।६० | २ तल्ले पक्कि घर | | | | | | | |
| ७ | संजय धोबी बरुण | ५०।६० | २ तल्ले पक्कि घर | | | | | | | |
| ८ | विजय धोबी बरुण | ५०।६० | २ तल्ले पक्कि घर | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | बैजनाथ बरुण | ५०।६० | २ तल्ले पक्कि घर | | | | | | | |
| १० | बद्री बरुण धोबी | ५०।६० | २ तल्ले पक्कि घर | | | | | | | |
| ११ | देबस सारु | ५०।६० | तिनको टहरा | | | | | | | |
| १२ | जमुना पुन | ५०।६० | २ तल्ले पक्कि घर | | | | | | | |
| १३ | मेघ बहादुर थापा र कमला थापा | ३२।४४ | तिनको टहरा | | | | | | | |
| १४ | सन्त बहादुर बस्नेत | ५०।६० | २ तल्ले पक्कि घर | | | | | | | |
| १५ | प्रेम थापा | ५०।६० | १ तल्ले पक्कि घर | | | | | | | |
| १६ | खेम | ५०।६० | तिनको टहरा | | | | | | | |
| १७ | दिलिप | ५०।६० | तिनको टहरा | | | | | | | |
| १८ | छाङगुर | ५०।६० | १ तल्ले पक्कि घर | | | | | | | |
| १९ | प्रहल्दा | ५०।६० | २ तल्ले पक्कि घर | | | | | | | |
| | जम्मा | ९४३।२४ | | | | | | | | |

| ब्लक ४ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | घरधनीको नाम | जग्गाको क्षेत्रफल | | | | | | | | |
| १ | दिपचंद | ६२।६२ | ३ तल्ले पक्कि घर | | | | | | | |
| २ | श्री राम कानु बानिया | ६२।६२ | तिनको टहरा | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | मुरली लक्ष्मी कानु | ६२।६२ | तिनको टहरा | | | | | | | |
| ४ | कृष्ण माया भण्डारी | ६२।६२ | २ तल्ले पक्कि घर + टिन | | | | | | | |
| ५ | राम दास नापित | ६२।६२ | २ तल्ले पक्कि घर | | | | | | | |
| ६ | अशोक राई | ६२।६२ | २ तल्ले पक्कि घर | | | | | | | |
| ७ | जानकी देवी भुज | ६२।६२ | २. तल्ले पक्कि घर | | | | | | | |
| | जम्मा | ४३८।३४ | | | | | | | | |

## क्षेत्रफल सारांशमा

| क्र.सं. | विवरण | | क्षे.फ. वर्गमिटरमा |
|---|---|---|---|
| १ | सरकारी / सार्वजनिक जग्गाको जम्मा | | ९८८४।00 |
| २ | पुर्जावाला जग्गाको जम्मा | | ५३१२।०१ |
| ३ | ऐलानी जग्गाको जम्मा | | २६६७।७0 |
| | कुल जम्मा (सडक बाहेक) क्षेत्रफल | | १७८६३।७१ |

**प्रस्ताव नं. ५५.८**

रुपन्देही जिल्लाका बुटवल उपमहानगरपालिका, सैनामैना नगरपालिका र कन्चन गाउंपालिकाले संयुक्त रुपमा फोहर व्यवस्थापन गर्ने सम्बन्धी सम्झौता अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. ५५.८**

रुपन्देही जिल्लाका बुटवल उपमहानगरपालिका,सैनामैना नगरपालिका,र कन्चन गाउंपालिकाले संयुक्त रुपमा फोहर व्यवस्थापन गर्ने सम्बन्धी भएको त्रीपक्षीय सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५५.९**

**विविध निर्णय**

**प्रस्ताव नं. ५५.९.१**

फोहर व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्ययोजना अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. ५५.९.१**

नगर कार्यपालिकाबाट पेस हुन आएको फोहर व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्ययोजना अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५५.९.२**

"घ" बर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्रदान गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५५.९.२**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा २ को छ (१०) तथा बुटवल उपमहानगरपालिकाद्धारा स्वीकृत "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७४ को नियम २ को उपनियम २ संग सम्बन्धित अनूसूची ५ बमोजिम योग्यता भए नभएको सम्बन्धमा गठित सिफारिस समितिबाट नयां इजाजतपत्रका लागि सिफारिस भई पेस भएकां देहाय बमोजिमका निर्माण व्यवसायी फर्मलाई देहाय बमोजिमको "घ" बर्गको इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | निर्माण व्यवसायी | ठेगाना |
|---|---|---|
| १. | स्वीकार कन्स्ट्रक्सन एण्ड डिप ट्युवेल प्रा.लि. | बु.उ.म.न.पा. १३ |
| २. | रशभ कन्स्ट्रक्सन प्रा.लि. | बु.उ.म.न.पा. १० |

**प्रस्ताव नं. ५५.९.३**

कार्यालयको ग्रेडर र एक्साभेटर मर्मत सम्बन्धमा ।

**निर्णय नं. ५५.९.३**

कार्यालयको ग्रेडर र एक्साभेटर गाडी पूरानो भई मर्मत गर्नु पर्ने भएकोले चालु आ.व.को लागि मर्मत शीर्षकमा विनियोजित रकम र नपुग रकम चालु विविध शीर्षकबाट खर्च हुने गरी यथाशिघ्र मर्मत गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५५.९.४**

योजना कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. ५५.९.४**

बुटवल उपमहानगरपालिका जनसहभागितामा आधारित विकास निर्माणका आयोजना र कार्यक्रम कार्यान्वयनका लागि अग्रणी स्थानमा रहेको र नमूना नगरको रुपमा समेत परिचित रहेको छ । यस नगरका वासिन्दाहरु अत्यधिक जनसहभागिता गर्ने गरी विकास निर्माणका कार्यहरु अगाडि बढाउन चाहन्छन् । विकास प्रतिको तिब्र चाहनाका कारण नै कार्यक्रम बजेट हुनु पर्नेमा बजेट कार्यक्रम तयार गरी नगर अगाडि बढ्नु परि रहेको अवस्था रहेको छ । यसै क्रममा चालु आ.व. २०७६।०७७ का लागि पनि मिति २०७६।०३।१९ मा नगर सभाको पांचौं अधिवेशन बैठकबाट रु. १ अरव ९० करोड बराबरको विनियोजन ऐन , २०७६ पारित भएको छ । उक्त पारित बजेट तथा कार्यक्रमले निर्दिष्ट गरे बमोजिम स-साना आयोजना समेत स्वीकृत भएका र अधिकांश आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयनका लागि सम्झौता समेत भई सकेका र केही आयोजनाको लागि सम्बन्धित उपभोक्ता समितिहरुले रकम उठाई सम्झौताको प्रक्रियामा समेत रहेको हुंदा यसरी २०७६।०३।१९ को सभाले स्वीकृत गरेका र कार्यान्वयनको चरणमा समेत रहेको उल्लेखित प्रक्रियाका आयोजनाहरु तथा छैटौ नगरसभावाट वजेट व्यवस्था भएका योजनाहरु समेत प्राविधिकको प्रत्यक्ष सुपरिवेक्षण र रेखदेखमा उपभोक्ता समिति मार्फत नै कार्यान्वयन प्रक्रिया अगाडि बढाउने र आगामी आवमा सडक पिच निर्माण कार्यलाई सामान्यत ठेक्का प्रक्रिया मार्फत नै कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरीमिति २०७६।१०।१२ मा पूर्वाधार विकास समितिबाट भएको निर्णय नं. ३ लाई उल्लेखित बमोजिम परिमार्जन सहित अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५५.९.५**

नक्शा पास तथा अनुमति सम्बन्धमा

**निर्णय नं. ५५.९.५**

नक्शा पास सम्बन्धमा देहाय बमोजिम गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

(क) बुटवल उप-महानगरपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड २०७४ बमोजिम यस उप महानगरपालिका क्षेत्र भित्र होटल तथा लज लगायतका संरचनाहरु निर्माण गर्नका लागि Ground Coverage र FAR सम्बन्धी स्पष्ट व्यवस्था भएको नदेखिएकोले सो संरचनाहरु निर्माण गर्नका लागि वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ ( पहिलो संसोधन २०७३) को दफा १३.११ मा व्यवस्था भए बमोजिम नै कायम हुने गरी Ground Coverage ५०% र दफा १३.२ मा भएको व्यवस्था अनुसार स्थानीय निकायको परिषदले आफ्नो क्षेत्राधिकार भित्र मापदण्ड स्वीकृत गरी लागु गर्दा तोकिएको प्राविधिक समितिको सिफारिसमा FAR कायम गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोमा पछि नगर सभाबाट भएबमोजिम हुने गरी हाललाई FAR २ कायम गर्ने ।

(ख)बुटवल उप-महानगरपालिका क्षेत्रभित्र एक भन्दा बढी कित्तामा निर्माण गर्नुपर्ने तर सो कित्ता साना कुलो र खोल्सीले छुट्याएको अवस्थामा कुलो वा खोल्सी वारीपारीको आफ्नो स्वामित्वको जग्गालाई समेत जोडेर भवन निर्माण सम्बन्धी मापदण्ड पुऱ्याई संरचना निर्माण गर्न सकिने गरी मापदण्ड कायम गर्ने । यसरी कुलो वा खोल्सीले छुट्याएको जग्गालाई आधार मानि मापदण्ड कायम गरी भवन निर्माण अनुमति दिदा कूलो वा खोल्सीको बहाबलाई कुनै प्रतिकुल असर नपार्ने तथा सार्वजनिक जग्गालाई घेर्न नपाउने प्रतिवद्धता सम्बन्धित जग्गाधनीवाट गराउनु पर्नेछ ।

**प्रस्ताव नं. ५५.९.६**

प्रदेश जन स्वास्थ्य प्रयोगशालाको लागि जग्गा सिफारिस सम्बन्धमा।

**निर्णय नं. ५५.९.६**

प्रदेश जनस्वास्थ्य प्रयोगशालाको स्थायी रुपमा पूर्वाधार निर्माणका लागि वडा नं. १२ को तामनगर गणेश टोल विकास संस्था अन्तरगतको रुपन्देही दृष्टि विहिन भवन संगै जोडिएको पूर्वमा रुपन्देही दृष्टि विहिनको जग्गा,गणेश टोल विकास संस्थाको भवन निर्माण स्थल,उत्तर सार्वजनिक बाटो,दक्षिणमा दानव नदी र पश्चिममा सरस्वती मा.वि.को खाली जग्गा भएको करिव १३ कठ्ठा जग्गा सो प्रयोजनको लागि उपयोग गर्न प्रकृया अघि बढाउन१२ नं. वडा कार्यालयबाट सिफारिस भई आए बमोजिम प्रदेश सामाजिक विकास मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५५.९.७**

स्थानीय तहको निर्वाचन २०७४ पश्चात हाल सम्म भएका कार्यहरुको समीक्षा सहितको उपलब्धी पुस्तिका प्रकाशन सम्बन्धमा ।

**निर्णय नं. ५५.९.७**

स्थानीय तहको निर्वाचन २०७४ पश्चात हाल सम्म भएका काम कारवाहीको सम्बन्धमा जनस्तरवाटै समीक्षा गराउने गरी उपलब्धी पुस्तिका आम नगरवासीहरुको घरघरमा पुऱ्याई सुसुचित गराउन उपयुक्त हुने देखिएकोले पुस्तक प्रकाशन गर्ने र उक्त प्रयोजनका लागि चालु आ.व.मा विनियोजन भएको बजेट बाट नपुग भएमा चालु भैपरी खर्च शीर्षक बाट व्यवस्था गर्ने गरी पुस्तक छाप्ने प्रकिया तत्काल अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५५.९.८**

नगर प्रमुखको नर्वे भ्रमण सम्बन्धमा ।

निर्णय नं. ५५.९.८

बुटवल टेक्निकल ईन्स्टिच्युटका अध्यक्ष समेत रहेका नगर प्रमुखलाई नर्वे सरकार Hjelp Selvhjelp (SHS) संस्थाको आयोजनामा मार्च २९ देखि ३ अप्रिल , २०२० सम्म हुने कार्यक्रममा निमन्त्रणा प्राप्त भएकोमा सहभागिताका लागि पठाउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सवै लाई धन्यवाद दिदै प्रमुखज्यु बाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।